फोन.नं. ०९९-५४००१०
फ्याक्स:-०९९-५४००१०

# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र.संख्या:- २०७६/०७७ मिति :- २०७७/०२/०५
च.नं. 2202

# सूचना

कोरोना भाईरस रोग संक्रमण, रोकथाम, जोखिम न्यूनीकरण तथा अन्य आपतकालीन व्यवस्थापन गर्ने प्रयोजनका लागि आवश्यक निर्णय गर्न कार्यपालिकामा निहित अधिकारहरु प्रयोग गर्ने गरी गठित समितिको मिति २०७७/०२/०५ बैठकको बाट देहाय बमोजिमको निर्णय गरिएको ले सर्वसाधारणको जानकारी का लागि यो सूचना प्रकाशित गरिएको छ ।

निर्णयः

शुक्लाफाँटा नगरपालिका भित्र विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) संक्रमण, रोकथाम, जोखिम न्यूनीकरण गर्न पुरै राष्ट्र लकडाउनको अवस्थामा शुक्लाफाँटा नगरपालिका कोरोना नियन्त्रण तथा रोकथामका लागि गठित निर्देशक समितिको सुझाव अनुसार नगर भित्र लकडाउन अवधि सम्मका लागि अति आवश्यकीय उपभोग्य वस्तु तथा सेवाको अभाव हुन नदिन तपसिल बमोजिमका पसलहरु देहाय बमोजिमको समयमा खोल्न दिने निर्णय गरियो ।

देहायः

क) नगर क्षेत्रभित्र रहेका खाद्यान्न पसल, जस्तै ( दाल, चामल, नून, खानेतेल, साबुन, चिनी )मात्र फलफुल तथा तरकारी पसल हरेक दिन विहान ६ बजे देखि ९ बजे सम्म समाजिक दुरी तथा स्वास्थ्य मापदण्ड अपनाई खोल्न दिने ।

ख) नगर क्षेत्रभित्र दुध डेरी पसलहरु हरेक दिन विहान ६ बजे देखि ९ बजे र बेलुकी ४ बजे देखि ७ बजे सम्म सामाजिक दुरी तथा स्वास्थ्य मापदण्ड अपनाई खोल्न दिने ।

दिल बहादुर ऐर
नगर प्रमुख